# नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

## प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :** नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि कम्पनीको नियमावलीको नियम ३६ को प्रयोजनको लागि समितिले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यो कार्यविधिको नाम **"नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कम्पनी" भन्नाले नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड सम्झनु पर्छ ।

(ख) "छनौट समिति" भन्नाले कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (१) मा व्यवस्था भए बमोजिम कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि समितिले गठन गरेको छनौट समिति सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको नियमावली, २०७४ (संशोधन सहित) सम्झनु पर्छ ।

(घ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले कम्पनीको नियमावलीको नियम २७ बमोजिम गठन भएको कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ ।

**३.** **<u>दरखास्त आह्वान गर्नु पर्ने</u>** : (१) कम्पनीमा रिक्त भएको वा हुने प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिका लागि छनौट समितिले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा र कम्पनीको वेवसाइटमा १५ (पन्ध्र) दिनको म्याद दिई दरखास्त आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र ३ (तीन) वटा भन्दा कम दरखास्त परेमा उक्त दरखास्तलाई कायमै राखी म्याद सकिएको ३ (तीन) कार्य दिन भित्र पुनः ७ (सात)



नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा र कम्पनीको वेवसाइटमा पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थप भएको म्याद भित्र थप दरखास्त प्राप्त नभई जम्मा ३ (तीन) वटा भन्दा कम दरखास्त कायम हुन आएमा समेत छनौटको प्रक्रिया अगाडि वढाउन बाधा पर्ने छैन ।

४. **<u>दरखास्तको सूचनामा खुलाउनु पर्ने विषयहरु</u>:** (१) दफा ३ बमोजिम प्रकाशन गरिने दरखास्त आह्वानको सूचनामा दरखास्त साथ देहाय बमोजिमका कागजातहरु पेश गर्ने विषय खुलाउनु पर्नेछ :-

(क) दरखास्त पेश गर्ने मिति, समय, स्थान र माध्यम,

(ख) उम्मेदवारले पेश गर्ने प्रतिलिपि कागजातको प्रत्येक पानामा सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी उम्मेदवार आफैले दस्तखत गर्नु पर्ने विषयहरु,

(ग) प्रमुख कार्यकारी अधिकृतको छनौट प्रकृया,

(घ) प्रमुख कार्यकारी अधिकृतको पदको कार्य विवरण,

(ङ) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र अन्य सुविधा,

(च) कार्य सम्पादन सम्झौता गर्नु पर्ने विषय,

(छ) कम्पनीको नियमावली, २०७४ (संशोधन सहित) को नियम ३६ को उपनियम (५) बमोजिम उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको स्वयंम् उम्मेदवारबाट प्रमाणित विस्तृत वैयक्तिक विवरण,

(ज) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, व्यवसायिक कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरु, शुरु कार्य अनुभव देखि अन्तिम कार्य अनुभव सम्म सिलसिलेवार रुपमा स्पष्ट अवधि खुल्ने गरी अनुसूची-१ बमोजिमको विवरण खुलाई उम्मेदवार स्वयंले स्वःघोषणा गरेको कागजात, एकै समयमा एक भन्दा बढी निकायमा काम गरी दोहोरो कार्य अनुभव देखिने गरी प्रमाण पेश गरेको हकमा सो अवधिको कार्य अनुभव गणना नहुने विषय, बहालवाला उम्मेदवारको हकमा सम्बन्धित संस्थाको सहमतिपत्र पेश गर्नु पर्ने विषय,

(झ) उम्मेदवारले आफ्नो दरखास्त साथ अंग्रेजी टाईम्स न्यू रोमन फन्ट वा नेपाली युनिकोड फन्टको बाह्र साईजमा पाँच हजार शब्द नबढ्ने गरी कम्पनीको व्यवसायिक रणनीति तथा कार्ययोजना तयार गरी सोको ३ (तीन) प्रति सिलवन्दी गरी खामको बाहिर पट्टी मात्र सहिछाप गरी नाम, थर, ठेगाना लेखि पेश गर्नु पर्ने बिषय,

(ञ) व्यवसायिक रणनीति तथा कार्ययोजनाको प्रत्येक पेजको पुच्छर भागमा दायाँ पट्टि पर्ने गरी पेज नम्बर उल्लेख गर्नु पर्ने बिषय,

(ट) रणनीति तथा कार्ययोजनामा उम्मेदवारको पहिचान हुने गरी कुनै संकेत चिन्ह वा दस्तखत समावेश गर्न नपाइने विषय,

(ठ) उम्मेदवारले खण्ड (झ) बमोजिमको व्यवसायिक रणनीति तथा कार्ययोजना बनाउदा दफा ५ मा उल्लेख भए बमोजिम बनाउनु पर्ने विषय,

(ड) अन्य आवश्यक विषय।

(२) दरखास्त आह्वानको सूचनामा उपदफा (१) मा उल्लेख भएका विवरण तथा कागजातका अतिरिक्त उम्मेदवारले अनुसूची- २ बमोजिमको विषयहरु उल्लेख गरी दस्तखत सहित स्वःघोषणाको कागज समेत पेश गर्नु पर्ने व्यहोरा समेत खुलाउनु पर्नेछ।

५. **<u>व्यवसायिक रणनीति तथा कार्ययोजना</u>** : उम्मेदवारले व्यवसायिक रणनीति सहितको कार्ययोजना तयार गर्दा देहायका बुँदाहरु समेत समावेश गर्नुपर्नेछः-

(क) विद्युतीय ऊर्जा विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्यः

- विद्युत उत्पादन, लगानी तथा विकासको अन्तर्राष्ट्रिय परिदृश्य,
- नेपालमा विद्युत उत्पादन र लगानीको वर्तमान अवस्था तथा चुनौती,
- नेपालमा जलाशययूक्त जलविद्युत आयोजनाको वर्तमान अवस्था, आवश्यकता, संभाव्यता र महत्व,
- जलाशययूक्त जलविद्युत आयोजना विकासमा लगानी तथा कार्यान्वयनमा अवलम्वन गरिएका मोडलहरू र लगानीका श्रोतहरू,

(ख) नेपालमा जलविद्युत विकासको नीतिगत तथा संस्थागत परिदृश्यः

- नेपालमा जलविद्युत विकासको नीति तथा कानूनी एबं संस्थागत व्यवस्था,

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

- जलाशययूक्त जलविद्युत विकासको लागि नीतिगत, कानूनी र संस्थागत सुधारका आवश्यकता,
- विद्युत क्षेत्रमा संलग्न सरकारी तथा सरकारी स्वामित्वमा रहेका संस्थानहरुको आवश्यकता, अन्तरसम्बन्ध र संस्थागत क्षमता वृद्धिको उपायहरु,

(ग) जलविद्युत आयोजनाको व्यवस्थापन र संस्थागत सुशासनः

- आयोजना चक्र र आयोजना व्यवस्थापनको (करार व्यवस्थापन, खरिद व्यवस्थापन, निर्माण व्यवस्थापन, वित्तीय व्यवस्थापन, संगठनात्मक व्यवस्थापन तथा मानव संसाधन व्यवस्थापन) नीतिगत एवंम् व्यावहारिक पक्षको विश्लेषण, जोखिम विश्लेषण ,
- समन्वय र सहजीकरण सम्बन्धी कार्यहरु (अन्तरसरकारी निकाय, बैदेशिक निकाय, संस्थान, निजी क्षेत्र र प्रभावित समुदाय, आदि),
- जलाशययूक्त जलविद्युत आयोजना विकासमा प्राविधिक तथा व्यवस्थापकीय चुनौती, वातावरणीय तथा सामाजिक प्रभाव र त्यसको व्यवस्थापन,
- आयोजना व्यवस्थापनमा संस्थागत पारदर्शिता, जवाफदेहिता, सहभागिता, इमान्दारिता र नैतिकता प्रवर्द्धनको विषय,

(घ) नलगाड हाइड्रोपावर कम्पनीको व्यवसायिक रणनीति र कार्ययोजनाः

- कम्पनीको परिचय, उद्देश्य र लक्ष्य,
- कम्पनीको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको (SWOT Analysis) विश्लेषण,
- कम्पनीको आगामी रणनीतिक योजनाको अवधारणा र उद्देश्य तथा आगामी चार वर्षको बजेट, स्वपूँजी र ऋण लगानीको प्रक्षेपण,
- कम्पनीको अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रणनीतिक मार्गचित्र,
- कम्पनीको आगामी चार वर्षको कार्यसम्पादनका क्षेत्रहरू तथा प्रत्येक वर्षको लागि कार्यसम्पादन सूचकका बिषयहरु,

(ङ) कार्ययोजना कार्यान्वयन तरिकाः

- कार्ययोजना कार्यान्वयनको चरणहरु,
- कम्पनीको अल्पकालीन रणनीति कार्यान्वयनको आगामी चार वर्षको कार्ययोजना,
- सम्भावित जोखिमको लेखाजोखा,

(च) रचनात्मक तथा नवप्रवर्तनात्मक सुझावहरु र सन्दर्भ सामग्रीको उल्लेखनः

६. **<u>मूल्याङ्कनका आधार र सोको अङ्कभार</u>**: (१) छनौट समितिले प्रमुख कार्यकारी अधिकृतको छनौटका लागि मूल्याङ्कन गर्दा देहायका आधारमा कूल अंकभार १०० (एक सय) कायम गरी देहाय बमोजिमको अंकभारको आधारमा गर्नु पर्नेछ :-

(क) कार्य अनुभव बापत ३० अङ्क

(ख) व्यवसायिक रणनीति तथा कार्ययोजना बापत ४० अङ्क

(ग) व्यवसायिक रणनीति तथा कार्ययोजना प्रस्तुतीकरण बापत १५ अङ्क

(घ) अन्तर्वार्ता बापत १५ अङ्क

(२) कार्य अनुभव बापतको अङ्क दिँदा नियमावलीमा तोकिएको न्यूनतम कार्य अनुभव बापत २५ अङ्क र पूर्वाधार आयोजनाको निर्माण तथा व्यवस्थापनको क्षेत्रमा प्रत्येक वर्षको कार्य अनुभवका लागि थप १ (एक) अङ्कका दरले बढीमा ५ वर्षको ५ अङ्क समेत गरी जम्मा ३० अङ्क दिनु पर्नेछ । एक वर्ष भन्दा कम अवधिको कार्य अनुभव बापत दामासाहीले अङ्क गणना गर्नुपर्ने छ ।

(३) व्यवसायिक रणनीति तथा कार्ययोजना बापतको अङ्क दिँदा देहाय बमोजिम दिनु पर्नेछः-

(क) विद्युतीय ऊर्जा विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य - ६(४+२) अङ्क

(ख) नेपालमा जलविद्युत विकासको नीतिगत तथा संस्थागत परिदृश्य - ५ अङ्क

(ग) जलविद्युत आयोजनाको व्यवस्थापन र संस्थागत सुशासन - ५ अङ्क

(घ) नलगाड हाइड्रोपावर कम्पनीको व्यवसायिक रणनीति र कार्ययोजना - १३ (७+६) अङ्क

(ङ) कार्ययोजना कार्यान्वयन तरिका - ६ अङ्क

(च) रचनात्मक तथा नवप्रवर्तनात्मक सुझावहरु र सन्दर्भ सामग्रीको उल्लेखन — ५ (४+१) अङ्क

(४) प्रस्तुतिकरण बापतको अङ्क दिँदा देहाय बमोजिम गरी दिनु पर्नेछः-

(क) कार्ययोजना प्रतिको स्पष्टता - ४ अङ्क

(ख) विषयवस्तुको विश्लेषणात्मक बुझाई - २ अङ्क

(ग) उदाहरण खुलाई सिलसिलेवार र तर्कपूर्ण प्रस्तुती - ५ अङ्क

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

(घ) संवाद सिप र सञ्चार कौशल - ४ अङ्क

(५) अन्तर्वार्ताको अङ्क दिँदा देहाय बमोजिम गरी दिनु पर्नेछः-

(क) विषयवस्तुको ज्ञान -४ अङ्क

(ख) व्यवस्थापकीय कौशलता -३ अङ्क

(ग) नेतृत्व गर्ने क्षमता -४ अङ्क

(घ) व्यक्तित्व र आत्मविश्वास -४ अङ्क

(६) छनौट हुने उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अन्य विषयहरु छनौट समिति आफैले निर्धारण गर्न सक्नेछ ।

७. **<u>छनौट प्रकृया</u>** : (१) दफा ३ बमोजिम कम्पनीमा प्राप्त कागजात दरखास्त दिने म्याद समाप्त भएको ३ (तीन) कार्य दिन भित्र छनौट समितिमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कम्पनीमा प्राप्त दरखास्त तथा कागजातहरु छनौट समितिमा पठाउदा उम्मेदवारले सिलबन्दी गरी पेश गरेको व्यवसायिक रणनीति तथा कार्ययोजना समेत पठाउनु पर्नेछ।

(३) छनौट समितिले उम्मेदवारको शैक्षिक योग्यता र अनुभवका आधारमा छनौट सूची तयार गरी न्यूनतम योग्यता र अनुभव पुगेका उम्मेदवारको व्यवसायिक रणनीति तथा कार्ययोजना मात्र परीक्षण गराउनु पर्नेछ।

(४) व्यवसायिक रणनीति तथा कार्ययोजना परीक्षण गराउँदा २ जना सम्बन्धित विषय विज्ञबाट गराउनु पर्नेछ। यसरी परीक्षण गराउँदा उम्मेदवारको परिचय नखुलाई छुट्टाछुट्टै कोडिङ्ग गरी अनुसूची-३ अनुसारको मूल्याङ्कन फाराम समेत संलग्न गरी गोप्य रुपमा ७ (सात) दिन भित्र पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित विज्ञहरुको परीक्षणबाट प्राप्त अङ्कको आधारमा औसत अङ्क निकाली त्यसलाई व्यवसायिक रणनीति तथा कार्ययोजना बापतको प्राप्ताङ्कको रुपमा तालिका बनाई गणना गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम परीक्षणबाट ४० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेका उम्मेदवारहरुको प्राप्त अङ्कमा दफा ६ को उपदफा (२) बमोजिमको कार्य अनुभव बापतको अङ्क जोडी गणना गर्दा अधिकतम अङ्क ल्याउने बढीमा ५ जना उम्मेदवारहरुको सूची अनुसूची-४ बमोजिमको फाराममा तयार गरी सम्बन्धित कागजात सिलबन्दी गर्नु पर्नेछ। यस्तो

प्राप्ताङ्क उल्लेख भएको कागजात अन्तर्वार्ता लिई सके पछि अन्तिम अङ्क गणना गर्दा छनौट समितिले तोकेको कर्मचारीले मात्र खोल्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको सूचीमा नपरेका उम्मेदवारलाई त्यस पछिका छनौट प्रकृयामा समावेश गर्न सकिने छैन ।

(८) उपदफा (६) बमोजिमको सूचीमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यवसायिक रणनीति तथा कार्ययोजना प्रस्तुती र अन्तर्वार्ताको लागि मिति, समय र स्थान तोकी कम्तिमा ७ (सात) दिनको सूचना दिनु पर्नेछ । उक्त मिति, समय र स्थानमा उम्मेदवारहरुले व्यवसायिक रणनीति तथा कार्ययोजना प्रस्तुती गर्नु पर्नेछ।

(९) उम्मेदवारले प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुन आउदा आफ्नो शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवम् दरखास्त साथ पेश गरेका कागजातहरु एवम् व्यवसायिक कार्य अनुभव प्रमाणित हुने कागजातको सक्कल प्रति साथै लिई आउनु पर्नेछ। यसका अतिरिक्त शुरु कार्य अनुभव देखि अन्तिम कार्य अनुभव सम्म सिलसिलेवार रुपमा स्पष्ट अवधि खुल्ने गरी अनुसूची-१ बमोजिमको विवरण खुलाई उम्मेदवार स्वयंमले स्वःघोषणा गरेको कागजात समेत लिई आउनु पर्नेछ।

(१०) छनौट समितिका सदस्यहरुले अलग-अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची -५ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको व्यवसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन गरी दस्तखत गरी सिलबन्दी गरी सहिछाप गर्नु पर्नेछ।

(११) छनौट समितिले उपदफा (६) बमोजिमको सूचीमा परेका उम्मेदवारको अन्तर्वार्ता लिदा दफा ६ को उपदफा (५) बमोजिमका आधारमा मूल्याङ्कन गरी प्रत्येक सदस्यले अलग-अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची-६ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको अन्तर्वार्ताको मूल्याङ्कन गरी दस्तखत गरी सिलबन्दी गरी सहिछाप गर्नु पर्नेछ ।

(१२) प्रस्तुतीकरण र अन्तर्वार्ता बापतको अङ्क गणना गर्दा दुवै शीर्षकका सबै सदस्यहरुले दिएको अङ्क जोडी अलग-अलग शीर्षकको छुट्टाछुट्टै औषत निकाली प्राप्ताङ्क कायम गर्नु पर्नेछ ।

(१३) छनौट समितिले कार्य अनुभव बापतको प्राप्ताङ्क, व्यवसायिक रणनीति तथा कार्ययोजना बापतको प्राप्ताङ्क, व्यवसायिक रणनीति तथा कार्ययोजना प्रस्तुतीकरण बापतको प्राप्ताङ्क र अन्तर्वार्ता समेतको प्राप्ताङ्क जोडी तालिका बनाई सोको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने मुख्य उम्मेदवारको रुपमा नियुक्तिको लागि समिति समक्ष सिफारिस गर्नु पर्नेछ । मुख्य

उम्मेदवारले सिफारिस भएको १५ (पन्ध्र) दिनभित्र नियुक्तिको लागि सम्पर्क राख्न नआएमा दोश्रो स्थान प्राप्त गर्ने उम्मेदवारलाई नियुक्ति दिन सकिने गरी वैकल्पिक उम्मेदवारको रुपमा समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

८. **<u>विज्ञको सहयोग लिन सकिने</u>** : यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृत छनौट कार्यमा विज्ञको सहयोग लिन आवश्यक ठानेमा छनौटका सबै चरणमा वा कुनै खास चरणमा छनौट समितिले बढीमा दुई जना विज्ञको सहयोग लिन सक्नेछ ।

९. **<u>छनौट सम्बन्धी कागजात गोप्य रहने</u>** : यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धमा, व्यवसायिक रणनीति तथा कार्ययोजना, सोको परीक्षण, विज्ञ छनौट, अन्तर्वार्तामा प्राप्त अङ्क तथा अङ्क गणना लागायतका छनौट सम्बन्धी कागजात प्रचलित कानूनले तोकेको अबधि सम्म गोप्य राख्नु पर्नेछ।

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

## अनुसूची -१

### (दफा ४ को उपदफा १(ज) तथा दफा ७ को उपदफा ९ सँग सम्बन्धित)

### कार्यअनुभव पुष्ट्याई फाराम

| क्र. सं. | काम गरेको संस्था \निकाय | कार्य अनुभव हासिल भएको क्षेत्र \ आयोजनाको नाम | कार्य अनुभवको अवधि (...देखि ....सम्म) | नियुक्ति वा कार्य सम्झौताको प्रतिलिपि पेश भए \नभएको | कार्य अनुभव प्रमाणपत्र जारी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

*द्रष्टव्यः*

१. कार्यअनुभवको प्रमाणपत्रमा कार्यक्षेत्र\कार्यरत आयोजना र कार्यअवधि स्पष्ट रुपमा खुलेको हुनु पर्नेछ ।

२. उम्मेदवारले आफूले अनुभव हासिल गरेको संस्था\निकायले गरेको नियुक्ति वा काम गर्नका लागि भएको कार्य सम्झौताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

उपरोक्त विवरण ठिक, साँचो हो, झुठा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला, बुझाउला भनि सही गर्नेः

सहीः ------------------------------------

नामः -----------------------------------

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

## अनुसूची -२

## (दफा ४ को उपदफा २ सम्बन्धित)

नियमावलीको नियम ३६ को उपनियम ५(छ) बमोजिमको स्वःघोषणा

म ..........................................नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको.......................... पदमा काम गर्न इच्छुक रहेको हुँदा तपसिल बमोजिम स्वःघोषणा गर्दछु :

१. भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
२. प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश नभएको,
३. व्यक्तिगत बेरुजु वा सरकारी रकम बक्यौता नरहेको,
४. अन्य कुनै जलविद्युत कम्पनी वा निकायमा सञ्चालक, लेखा परीक्षक, कम्पनीको शेयरधनी नरहेको,
५. स्थायी लेखा नम्बर (PAN) लिएको तथा कर चुक्ता प्रमाणपत्र पाएको,
६. पेश गरेका सम्पूर्ण विवरणहरु तथा कागजातहरु साँचो रहेको र झुठ्ठा ठहरेमा प्रचलित कानून बमोजिम हुने सजाय भोग्न तयार रहेको ।

***स्पष्टीकरण : यस स्वःघोषणाको प्रयोजनको लागि शेयरधनी भन्नाले सम्बन्धित कम्पनीको कम्तीमा एक प्रतिशत शेयर स्वामित्व रहेको सम्झनु पर्छ ।***

**नाम :**

**ठेगाना :**

**नागरिकता नं :**

**मोबाइल नं :**

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

## अनुसूची - ३

## (दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

## व्यवसायिक रणनीति तथा कार्ययोजना मूल्याङ्कन फाराम

| क्र.सं. | उम्मेदवारको कोड नं. | प्राप्ताङ्क (अधिकतम ४० अङ्क) | | | | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्युतीय ऊर्जा विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य (६ अङ्क) | नेपालमा जलविद्युत विकासको नीतिगत तथा संस्थागत परिदृश्य (५ अङ्क) | जलविद्युत आयोजनाको ब्यबस्थापन र संस्थागत सुशासन (५ अङ्क) | नलगाड हाइड्रोपावर कम्पनीको व्यवसायिक रणनीति र कार्ययोजना (१३ अङ्क) | कार्ययोजना कार्यान्वयन तरिका (६ अङ्क) | रचनात्मक तथा नवप्रवर्तनात्मक सुझावहरु र सन्दर्भ सामग्रीको उल्लेखन (५ अङ्क) | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

परिक्षण गर्ने विज्ञको कोडः

सहीः

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

## अनुसूची - ४

**(दफा ७ को उपदफा (५) र (६) सँग सम्बन्धित)**

**कार्यअनुभव तथा व्यवसायिक रणनीति तथा कार्ययोजना** परिक्षण बापतको जम्मा प्राप्ताङ्क

| क्र.सं. | उम्मेदवारको नाम थर | कार्यअनुभव र व्यवसायिक रणनीति तथा कार्ययोजनाको प्राप्ताङ्क (अधिकतम ७० अङ्क) | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्य अनुभव बापतको प्राप्ताङ्क (अधिकतम ३० अङ्क) | व्यवसायिक रणनीति तथा कार्ययोजना परिक्षण बापत प्राप्ताङ्क (अधिकतम ४० अङ्क) | अङ्कमा | अक्षरमा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**व्यवसायिक रणनीति तथा कार्ययोजना प्रस्तुतीकरण तथा अन्तरवार्ताको लागि जम्मा सूचीकृत उम्मेदवारको संख्याः**

**छनौट समितिको सदस्य तथा अध्यक्षको सहीः १.-----------------**

**२.-----------------**

**३.-------------------**

**४.----------------------**

## अनुसूची -५

## (दफा ७ को उपदफा (१०) सँग सम्बन्धित)

व्यवसायिक रणनीति तथा कार्ययोजना **प्रस्तुतीकरणको मूल्याङ्कन फाराम**

| क्र. सं. | उम्मेदवारको नाम थर | प्राप्ताङ्क —(१५ अङ्क) | | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्ययोजना प्रतिको स्पष्टता (४ अङ्क) | विषय वस्तुको विश्लेषणात्मक बुझाई (२अङ्क) | उदाहरण खुलाई सिलसिलेवार र तर्कपूर्ण प्रस्तुती (५अङ्क) | सम्वाद सिप र सञ्चार कौशल (४अङ्क) | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**उम्मेदवारको संख्याः** **प्रस्तुतीकरण मितिः**

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाइ-भाइ, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँई, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायतको नजिकको नाता पर्दैन। निजसँग मेरो लेनदेन झैझगडा, रिस ईवी आदि केही छैन ।

**मूल्याङ्कनकर्ताको दस्तखतः**
**नाम, थरः**
**दर्जाः**
**मितिः**

***द्रष्टव्यः***

१. प्रस्तुतीकरण लिइन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार छनौट समितिका अध्यक्ष, सदस्य वा विज्ञ सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन, झैझगडा, रिस ईवी इत्यादी केही भएमा मूल्याङ्कनकर्ताले उक्त समूहको सो दिनको मूल्याङ्कनमा भाग लिनु हुदैन। त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ ।

२. मूल्याङ्कनकर्ताले पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ। यसरी ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ। कारण नखुलाई ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ ।

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

## अनुसूची- ६

### (दफा ७ को उपदफा (११) सँग सम्बन्धित)

### अन्तर्वार्ता मूल्याङ्कन फाराम

| क्र.सं. | उम्मेदवार को नाम, थर | प्राप्ताङ्क (१५ अङ्क) | | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | विषय वस्तुको ज्ञान (४ अङ्क) | व्यवस्थापकीय कौशलता (३ अङ्क) | नेतृत्व गर्ने क्षमता (४ अङ्क) | व्यक्तित्व र आत्मविश्वास (४ अङ्क) | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**उम्मेदवारको संख्याः** **अन्तर्वार्ता मितिः**

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाइ भाइ, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँई, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायत नजिकको नाता पर्दैन। निजसँग मेरो लेनदेन झैझगडा रिस ईवी इत्यादी केही छैन ।

**अन्तर्वार्ताकर्ताको दस्तखतः**

**नाम, थरः**

**दर्जाः**

**मितिः**

*द्रष्टव्यः*

१. अन्तर्वार्ता लिन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार अन्तर्वार्ता समितिका अध्यक्ष तथा सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन झैझगडा रिस ईवी इत्यादि केही भएमा त्यस्ता अन्तर्वार्ताकर्ताले त्यस्तो अन्तर्वार्तामा भाग लिनु हुँदैन। त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक गरी बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ ।

२. मूल्याङ्कनकर्ताले अन्तर्वार्ताको पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ । यसरी ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ । कारण नखुलाइ ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ ।

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड